श्री Diijon DaCosta, Sr., *बोर्ड अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
श्रीमती Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

DeKalb County School District™

डा. Devon Q. Horton, *सुपरिन्टेन्डेन्ट*

**तत्काल प्रकाशन गर्न मिल्ने**

बिहीवार, जून 27, 2024

**सम्पर्क:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

# DeKalb काउन्टी शिक्षा समितिले कर्मचारीहरू तथा समुदाय प्रतिको प्रतिबद्धतालाई प्रमुखता दिने; माइलेज दर घटाउने आर्थिक वर्ष 2025 को बजेट पारित गरेको छ

*दुई लगातार वर्षहरूमा, .10 मिल माइलेज दर घटाइएको छ*

(STONE MOUNTAIN, GA)- जुन 24 मा, DeKalb काउन्टी शिक्षा समिति (*DCBOE*) ले वर्तमान र भविष्यका कर्मचारीहरू प्रति दृढ प्रतिबद्धता प्रदर्शन गर्दै आर्थिक वर्ष 2025 (*FY25*) को बजेट पारित गरेको छ । यस बोर्डको अनुमोदनले जुन 17 औरजुन 24का टिप्पणीहरूका साथ दुई वटा सार्वजनिक बजेटका सुनुवाईहरूपछि हुन्छ।

यसका अतिरिक्त, DCBOE ले दुई लगातार वर्षहरूमा माइलेज दर घटाउँदै, FY25 का लागि 0.10 मिलका दरले माइलेज घटाएर 22.28 बनाउने पक्षमा मतदान गरेको छ । FY20 देखि 23.08 को माइलेज दर लागू गरिएको थियो र यो FY24 मा 23.08 देखि 22.98 मा कटौति गरिएको थियो ।

“सबै विद्यालयहरूमा सबै विद्यार्थी जनसंख्याको नतिजा बढाउने स्पष्ट लक्ष्यका साथमा हामीले यो बजेट विकास गर्न थालेका थियौँ र हामी यस प्रक्रियामा समितिको निर्देशनको कदर गर्छौं ।,” सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton ले भन्नुभयो । "यस बजेटले हाम्रा कर्मचारीहरू माथि लगानी गर्दै र सहायता प्रणालीमा कोष बाँडफाँट गर्दै समता प्रतिको हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ र यसले यसलाई सही बनाउन हामीमा निर्भर रहेका विद्यार्थी, परिवार र समुदायहरूमा सकारात्मक प्रभाव पार्छ ।"

समितिका अध्यक्ष श्री. Diijon DaCosta, Sr. ले प्राथमिकताहरू, अपेक्षित परिणामहरूको सन्तुलन मिलाउने र सार्वजनिक कोष जिम्मेवार रूपमा व्यवस्थापन गर्ने  बोर्डको प्रतिबद्धता प्रति जोड दिनुभयो ।

“शिक्षा समिति हाम्रा विद्यार्थीहरूका लागि अवसरहरू सुधार गर्न भविष्यको बारेमा विचार गर्ने र डिस्ट्रिक्टले वर्तमान समयमा सामना गरिरहेका चुनौतीहरूलाई सम्बोधन गर्ने डा. होर्टन र उनका कर्मचारीहरूको विचारशील र रणनीतिक कार्यका लागि शिक्षा समिति आभारी छ,” श्री. DaCosta ले भन्नुभयो । “समितिका सदस्यहरूले परिवार, व्यापारिक अगुवाहरू, र सामुदायिक साझेदारहरूको कुरा सुनेर पनि धेरै समय बिताए ।’ यी महत्त्वपूर्ण संवादका आधारमा, हामीले दोस्रो वर्ष लगातार रूपमा .10 मिलले माइलेज दर घटाउने निर्णय लियौं ।”

DeKalb County School District (*DCSD*) ले सबै कोषको लागि $2.05 बिलियनको बजेट प्रस्ताव गरेको छ जसमा साधारण कोषको लागि (सञ्चालन बजेट) $1.58 बिलियन छुट्याइएको छ । बजेटका मुख्य बुँदाहरू:

- मे महिनामा समितिद्वारा कर्मचारी बरकरार र नयाँ कर्मचारीहरूका लागि प्रोत्साहन रकम अनुमोदित गरेको थियो ।
- तहगत योग्यता पूरा गरेका कर्मचारीहरूको लागि तहगत वृद्धि हुन्छ ।
- शिक्षकको तलव औसतमा 6.1 प्रतिशतले वृद्धि गर्ने, हाम्रो शिक्षक तलव तालिका को उल्लेखनीय पुनर्संरचना ।
- 97% गैर-शैक्षिक कर्मचारीहरूको तलव 5.0-5.5% वृद्धि गर्ने, पारिश्रमिक तथा र वर्गीकरण अध्ययनको नतिजाको कार्यान्वयन ।

-थप-

- अतिरिक्त प्रारम्भिक सिकाइ कक्षाहरू ।
- होराइजन विद्यालयहरूका लागि चालू पूरक सहायता
- IGNITE Teacher Residency Program को विस्तार ।
- प्रत्येक आधारभूत विद्यालयको लागि सुरक्षा सहयोगी ।
- प्रत्येक उच्च विद्यालयका वरिष्ठ सल्लाहकारहरू ।

DCSD रणनीतिक वित्तीय योजना र सामुदायिक सहकार्यद्वारा समर्थित, कर्मचारी तथा विद्यार्थीहरू फस्टाउन सक्ने वातावरण बनाउन प्रतिबद्ध छ।

DCSD को FY25 को बजेटको बारेमा संक्षिप्त जानकारी प्रदान गर्ने बोर्डको प्रस्तुति यहाँ फेला पार्न सकिन्छ ।

DCSD को FY25 को कुल बजेटसँग सम्बन्धित जानकारी यहाँ छ ।

XXX

Robert R. Freeman Administrative Complex
1701 Mountain Industrial Blvd. | Stone Mountain, GA 30083
678.676.1200 | www.dekalbschoolsga.org